बैठक संख्या : ७६ स्थान : राप्ती नगरपालिका
मिती : २०७७।०५।१४ गते समय : साझ ५: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)
नगर उपप्रमुख श्री इमान सिंह लामा
वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती
वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा
वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक
वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया
वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा
वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ
का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा
वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ
सदस्य श्री पुष्पा के.सी. कुवर
सदस्य श्री दिल कुमारी लामा
सदस्य श्री कविता राई
सदस्य श्री रमिता परियार
सदस्य श्री श्यामलाल वि.क.
सदस्य श्री आइती देवी दराई
सदस्य श्री अम्विका लामा
सदस्य श्री पहलमान प्रजा
प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव
आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.
लेखा अधिकृत श्री गोपाल तिवारी
क.अ. श्री रमेश चौधरी

बैठक संख्या : ७६

मिति २०७७।०५।१४

**प्रस्तावहरु**

१. चक्लेट उद्योग स्थापना सम्बन्धमा ।

२. नगरपालिका भवन ठेक्काको पुरस्कार सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकामा दुग्ध प्रशोधन केन्द्र चक्लेट उद्योग स्थापनाको लागि बागमती प्रदेश सरकारबाट लागत सहभागितामा कार्यक्रम समावेश भएकोले सो लागि निर्माण हुने स्थान स्थलगत रुपमा निरक्षण गरी आवश्यक प्रक्रियाअघि बढाउने निर्णय गरियो

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्दा ठेक्का सम्झौता भन्दा अगावै काम सकिएको र सम्झौतामा उल्लेख भएको पुरस्कार र जरिवाना भएको बुँदा तथा सार्वजनिक खरिद नियमावलीमा भएको पुरस्कार रकम दिन सकिने भन्ने बुँदालाई आधार मानि निर्माण कार्यको जिम्मा पाएका जयमाता ड्राइगन शिवालय जे भि ले पुरस्कार रकमको लागि निवेदन पेश गरेको हुँदा सो सम्बन्धमा स्थानीय तहबाट उक्त पुरस्कार धेरै रकम आउने भएकोले आवश्यक निर्णयको लागि अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को विविध विषयमा छलफल हुँदा देहाय अनुसार गर्ने गरी निर्णय गरियो ।

क. राप्ती नगरपालिकाको कार्य सम्पादन गर्ने क्रममा विभिन्न कार्यविधिहरु आवश्यकता अनुरुप बनाउने पर्ने भएकोले हालको परिस्थितिलाई मध्यनगर गरी देहाय अनुसार समितिको कार्यविधि निर्माण गर्ने विद्यालय समितिलाई जिम्मा दिने ।

१. युवा तथा खेलकुद विकास समन्वय समिति
२. संस्कृति तथा पर्यटन विकास समिति
३. दुग्ध विकास समन्वय समिति
४. कृषी तथा सहकारी विकास समन्वय समिति
५. खानेपानी विकास समन्वय समिति
६. बन तथा वातावरण विकास समन्वय समिति
७. शहरी विकास समन्वय समिति

ख. राप्ती नगरपालिका स्वास्थ्य तर्फको तपसिल कर्मचारीको पारिश्रमिक ज्यादै न्यून भएको तर बार्षिक बजेटमा रकम राखिएको तर निर्णयको रुपमा बुदा नलेखिएकोले अन्य करारमा कार्यरत कर्मचारी सरह तलब सुविधा मिति २०७७।०४।०१ गते देखि दिने ।

| कर्मचारीको नामथर | पद | साविकको तलब रु | कायम गर्ने तलब रु |
|---|---|---|---|
| मेलिना स्याङतान | अ न मी | १४४०० | १९२०० |
| निलम गौतम | अ हे व | १८००० | १९२०० |
| रबिना प्रजा | का स | ७२०० | १२००० |

Scanned with CamScanner